# स्नातक तह BALLB कार्यक्रमको शैक्षिक सत्र २०८२/०८३ को प्रवेश परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

लुम्बिनी बौद्ध विश्वविद्यालय, मानविकि तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत सेमेष्टर प्रणालीमा सञ्चालित पाँच वर्षे (BALLB) कार्यक्रममा शैक्षिक सत्र २०८२/०८३ को लागि यस विश्वविद्यालयले तोकेको न्यूनतम कोटा मध्ये **स्कुल अफ ल मा १०५ कोटा** र **तुलसिपुर मेट्रो कलेजको** लागि **७०** **कोटा** गरी जम्मा **१७५ कोटा** निर्धारण गरिएकोले न्यूनतम शैक्षिक योग्यतता पुगेका परीक्षार्थीहरुका लागि प्रवेश परीक्षाको **अनलाइन (Online)** आवेदन फाराम आह्वान गरिएको व्यहोरा सम्बन्धित सम्पूर्ण परीक्षार्थीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

यस शैक्षिक कार्यक्रममा भर्ना हुन ईच्छुक परीक्षार्थीहरुले प्रवेश परीक्षाको आवेदन फाराम भर्दा विश्वविद्यालयको वेबसाइट www.apply.lbu.edu.np मा गई तोकिएको शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, समकक्षताको प्रमाणपत्र, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, आवेदकको हस्ताक्षर र अन्य आवश्यक कागजात Scan गरी upload गर्नुहुन पनि जानकारी गरिन्छ ।

तपसिलः

१) भर्ना आवेदन खुल्ने मितिः २०८२ साल असार २९ गते, आईतबार,

२) आवेदन दिने अन्तिम मितिः २०८२ साल श्रावण २० गते मंगलबार र दोब्बर दस्तुर सहितको आवेदन दिने अन्तिम मितिः २०८२ साल श्रावण २८ गते बुधबारसम्म ।

३) प्रवेश परीक्षा शुल्कः रु.१०००/ **इसेवा** मार्फत बुझाउन पर्नेछ ।

४) **आवश्यक कागजातः**

- SLC/SEE वा सो सरह उत्तिर्ण गरेको लब्धाङ्क प्रमाणपत्र (Mark sheet),
- माध्यमिक तहको ११ र १२ कक्षामा प्राप्त गरेको ग्रेड या प्रतिशत उल्लेख गरेको कागजात वा कक्षा १२ को परीक्षामा सहभागी भएको प्रवेश पत्र,
- विदेशी विश्वविद्यालयमा अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्र,
- नागरिकताको प्रमाणपत्र,
- हालसालै खिचेको पासपोर्ट साइजको दुबै कान देखिने फोटो,
- आवेदकको हस्ताक्षर ।

५) **न्यूनतम शैक्षिक योग्यताः**

- माध्यमिक तहको ११ र १२ कक्षामा C+ वा सो सरह प्राप्ताङ्क प्राप्त गरी उत्तिर्ण गरेको,
- कक्षा १२ को प्रवेश परीक्षामा सहभागी भएको प्रवेश पत्र Upload गरी आवेदन दिएका परीक्षार्थीहरुले १२ को नतिजामा न्यूनतम ग्रेटमा उत्तिर्ण हुनु पर्नेछ र उत्तिर्ण हुन नसकेमा

निजले प्रवेश परीक्षा उत्तिर्ण गरेतापनि भर्नाका लागि योग्य मानिने छैन र निजको प्रवेश परीक्षा शुल्क पनि फिर्ता हुनेछैन । *(नेपाल कानून व्यवसायी परिषद (कानून शिक्षा) नियमावली २०७७ को नियम ४ को उपनियम ३ बमोजिम **B.A.LL.B.** को कार्यक्रममा प्रवेशको लागि योग्य हुन शैक्षिक संस्थाले तोकेको सम्बन्धित विद्याको कम्तिमा पचास प्रतिशत वा C+ ग्रेड प्राप्त गरी उत्तिर्ण गरेको हुनपर्नेछ ।)*

६) लिखित प्रवेश परीक्षा हुने मिति, समय र स्थानः २०८२ साल श्रावण ३१ गते शनिबार, विहान १०:०० देखि १२:३० बजेसम्म, स्कुल अफ ल/सिटी क्याम्पस बुटवल बुटवल उप-महानगरपालिका-१२ नयाँगाँउ र तुलसीपुर मेट्रो कलेज तुलसिपुर, दाङ ।

७) अन्तवार्ता हुने मितिः २०८२ साल भाद्र १ र २ गते बिहान ९:०० देखि साझ ०५:०० बजेसम्म स्कुल अफ ल/सिटी क्याम्पस बुटवल बुटवल उप-महानगरपालिका-१२ नयाँगाँउ र तुलसीपुर मेट्रो कलेज तुलसिपुर, दाङ ।

८) पठनपाठन हुने स्थानः स्कुल अफ ल/सिटी क्याम्पस बुटवल, (३५/३५ जनाको तीन समूह) तुलसीपुर मेट्रो कलेज, तुलसिपुर, दाङ (३५/३५ जनाको दुई समूह) ।

९) प्रवेश परीक्षाको पाठ्यक्रम विश्वविद्यालयको वेभसाईटमा प्रकाशन गरीएको छ ।

१०) अनलाइन आवेदन फाराम भर्दा कुनै समस्या आएमा ९८६४५७६७१७ वा यस स्कुल अफ ल को फोन नम्बर ०७१-४४५५३७ सम्पर्क गर्न सकिनेछ ।

अन्य विस्तृत जानकारीको लागि लुम्बिनी बौद्ध विश्वविद्यालय, स्कुल अफ ल/सिटी क्याम्पस बुटवलमा सम्पर्क गर्न सकिनेछ ।

फोन नं. ०७१-४४५५३७

इमेलः citycampus@lbu.edu.np

मितिः २०८२/०३/२४

.............................

डा. माणिक रत्न शाक्य

डीन